## तलका धर्मशास्त्रका खण्डहरुसँगै अहिलेकालागि अन्त गरौं :

“किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र (येशू ख्रीष्ट) दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने को ही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो । जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन ।

“...मानिसको पुत्र (येशू ख्रीष्ट) पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरुप आफ्नो (ख्रीष्टको) प्राण दिन आयो ।”

“तर जतिले उहाँलाई (येशू ख्रीष्ट) ग्रहण गरे र उहाँको (ख्रीष्टको) नाउँमाथि विश्वास गरे, उहाँले (परमेश्वर) तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो ।”



येशू ख्रीष्ट परमेश्वरका पुत्रको विषयमा धर्मशास्त्रका खण्डहरुले के बताउँदछन् ?

### तिनीहरुले बताउँदछन् कि,

- परमेश्वरले संसारलाई महान् प्रेम गर्नुभयो अनि आफ्नो एकमात्र पुत्र (येशू ख्रीष्ट) लाई दिनुभयो
- यदि हामीले परमेश्वरको पुत्रमाथि विश्वास गर्छौं भने, हामी नाश (परमेश्वरको क्रोधमा पर्नु) हुनेछैनौं तर हामीले अनन्त जीवन प्राप्त गर्नेछौं
- परमेश्वरले संसारलाई दोषी ठहराउन भनी येशूलाई पठाउनु भएन तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो
- यदि हामी येशूमा विश्वास गर्छौं भने, हामी न्यायमा पर्नेछैनौं
- ख्रीष्टले हाम्रो पापहरुका फिरौतीको रुपमा आफ्नो जीवन दिनुभयो; अर्को शब्दमा भन्नुपर्दा, ख्रीष्टले मोल तिरेर हामीलाई किन्नुभयो
- अन्तमा, परमेश्वरको सन्तान हुन, हामीले येशू ख्रीष्टलाई ग्रहण गर्नु अनि उहाँमाथि विश्वास गर्नु पर्दछ

| | |
|---|---|
| १. रोमी ५:६-१० | ४. यूहन्ना ३:१६-१८ |
| २. रोमी ३:२३ | ५. मत्ती २०:२८ |
| ३. १ कोरिन्थी १५:१-४ | ६. यूहन्ना १:१२ |

*(केवल व्यक्तिगत संचारका निम्ति)*

अधिक जानकारीको लागि सम्पर्क :
**whoisjesus008@gmail.com**

Nepali



# येशू को हुनुहुन्छ ?

## येशू को हुनुहुन्छ ?

कसैले भन्दछन् कि, येशू एउटा असल शिक्षक, एक असल मानव, एक शक्तिशाली अगमवक्ता हुनुहुन्थ्यो; अन्य केहीले भने उहाँ परमेश्वरका पुत्र - परमेश्वर नै देहको रुपमा हुनुहुन्छ भन्दछन् ।

तपाई के विचार गर्नुहुन्छ ?

येशूको जीवनीको उद्देश्य के थियो ?

यो कुरा जान्नु मेरो लागि किन एकदमै महत्वपूर्ण छ ?

यी प्रश्नहरुको उत्तर दिनु अघि, बाइबलले हाम्रो बारेमा के भन्दछ भनी हामीले केही निश्चित धर्मशास्त्रका खण्डहरुलाई आफैले हेर्नु आवश्यक छ । हाम्रो पढाईलाई सुरु गरौं :

“किनकि हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो । धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला । तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो । यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं । किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं ।

“.... सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।”

माथिका पदहरुमा सम्पूर्ण मानव जातिका बारेमा केही तथ्यहरु उल्लेख भएका छन् । तिनीहरुले भन्दछन् कि हामी सबै

- दुर्बल
- अधर्मी
- पापी जो परमेश्वरको महिमासम्म पुग्नबाट चुकेको छ
- परमेश्वरको शत्रु (हाम्रा पापपूर्ण स्वभावका कारण)
- यदि हामीले उहाँको पुत्रमाथि विश्वास गरेनौं भने हामीले परमेश्वरको क्रोधको सामना गर्नेछौं

माथिका धर्मशास्त्रका खण्डहरुले यसो पनि भन्दछन्

- ख्रीष्ट अधर्मीहरुका निम्ति मर्नुभयो (हामी सबैका निम्ति)
- परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो
- हामी येशूको रगतद्वारा धर्मी (न्यायचित बनाइएको, पूर्णरुपमा शुद्ध पारिएको) ठहरिएकाछौं
- हामी येशूद्वारा आउनै लागेको परमेश्वरको क्रोधबाट बचाइएकाछौं
- येशूको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप (परमेश्वर सम्मुख स्विकारयोग्य) भएको छ
- ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं

अझै स्पष्टता प्राप्त गर्न थप अगाडि पढौं :

“भाइ हो, मैले तिमीहरूलाई प्रचार गरेको सुसमाचार (शुभ सन्देश) म तिमीहरूलाई याद दिलाउन चाहन्छु, जुन सुसमाचार तिमीहरूले ग्रहण गर्‍यौ, र जसमा तिमीहरू स्थिर रहन्छौ । यस सुसमाचारद्वारा तिमीहरूको उद्धार भएको छ, यदि त्यसमा तिमीहरू अटल रह्‍यौ भने, नत्रता तिमीहरूले व्यर्थैमा विश्वास गर्‍यौ । किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।”

सुसमाचारको अर्थ शुभ सन्देश अथवा असल समाचार भन्ने हुँदछ । माथिका धर्मशास्त्रका खण्ड अनुसार शुभ सन्देश के हो ?

- पवित्र धर्मशास्त्र अनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो
- ख्रीष्ट गाडिनुभयो
- पवित्र धर्मशास्त्र अनुसार तेस्रो दिनमा येशू पुनर्जीवित (फेरि जीवनमा आउनु) पारिनुभयो

तिनीहरुले हामीले यसो पनि गर्नुपर्दछ भनी बताउदछन् –

- यो सुसमाचारलाई ग्रहण गर्नुको साथै विश्वास गर्नु पर्दछ
- हामीले यस शुभ सन्देशलाई थामि राख्नुपर्छ अनि यसमा स्थिर रहनुपर्छ
- यसै सुसमाचारद्वारा हाम्रो उद्धार भएकोछ